# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(अन्तर्वार्ता तथा सिफारिस शाखा)**

☏: 091-527600, 527604, Website:-www.psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com

### वैकल्पिक तथा अस्थायी उम्मेदवारले निवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना नं. १/०८१-८२, मिति २०८१/०४/०६ गते**

परशुराम नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, डडेल्धुराको च.नं. १६५८ मिति २०८१/०३/३१ गतेको पत्रबाट उक्त कार्यालयमा रिक्त स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, पाँचौ तह, स्टाफ नर्स पदमा १ (एक) जना, स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ्ग समूह, चौथो तह, अ.न.मी. पदमा ५ (पाँच) जना र स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, चौथो तह, अ.हे.व. पदमा १ (एक) जना अस्थायी उम्मेदवार पठाइदिन भनि यस आयोगमा माग भई आएको हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) मा "सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग भई आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गर्नेछ" भन्ने व्यवस्था अनुसार अस्थायी उम्मेदवार सिफारिस गर्नुपर्ने भएकोले आयोगको सूचना नं. ३४/०८०-८१, मिति २०८०/०७/०३ गते प्रकाशित वि.नं. ५३०/०७९-८० (खुला), स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, पाँचौ तह, स्टाफ नर्स पदको उम्मेदवार सिफारिस सम्बन्धी सूचना, सूचना नं. १०२/०८०-८१, मिति २०८०/१०/१७ गते प्रकाशित वि.नं. ५४२/०७९-८० (खुला), स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ्ग समूह, चौथो तह, अ.न.मी. पदको उम्मेदवार सिफारिस सम्बन्धी सूचना र सूचना नं. ९३/०८०-८१, मिति २०८०/१०/०७ गते प्रकाशित वि.नं. ५४९/०७९-८० (खुला), स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, चौथो तह, अ.हे.व. पदको उम्मेदवार सिफारिस सम्बन्धी सूचनाको वैकल्पिक योग्यताक्रम सूचीमा समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी योग्यताक्रम सूचीमा रहेका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोगमा निवेदन पेश गर्नुहुन आयोगको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

..........................

(सरोज चौधरी)

शाखा अधिकृत